आज मिति: २०८२/०९/०६ गते आइतबार यस सुनकोशी गाउँपालिका गाउँसभाको सातौं अधिवेशनको पहिलो बैठक यस गाउँपालिका अध्यक्ष श्री टपिन्द्र तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति:

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | टपिन्द्र प्रसाद तिमल्सिना | अध्यक्ष | |
| २ | कान्छि लामा | उपाध्यक्ष | |
| ३ | कुमार शाही | गाउँसभा सदस्य | |
| ४ | पूर्ण बहादुर महत | गाउँसभा सदस्य | |
| ५ | ईश्वर तामाङ | गाउँसभा सदस्य | |
| ६ | भोजलाल श्रेष्ठ | गाउँसभा सदस्य | |
| ७ | जाल बहादुर तामाङ | गाउँसभा सदस्य | |
| ८ | चक्र बहादुर बस्नेत | गाउँसभा सदस्य | |
| ९ | ईश्वर तिमल्सिना | गाउँसभा सदस्य | |
| १० | पुतली वि.क. | गाउँसभा सदस्य | |
| ११ | रेल बहादुर पहरी | गाउँसभा सदस्य | |
| १२ | मिना परियार | गाउँसभा सदस्य | |
| १३ | कटक बहादुर खत्री | गाउँसभा सदस्य | |
| १४ | रमिला तामाङ | गाउँसभा सदस्य | |
| १५ | कमला रोका | गाउँसभा सदस्य | Kamala |
| १६ | घन बहादुर तिमल्सिना | गाउँसभा सदस्य | |
| १७ | कौसल्या सापकोटा | गाउँसभा सदस्य | |
| १८ | फुलमाया सार्की | ,, | फुलमाया |

| | | | |
|---|---|---|---|
| १९ | दिपेन्द्र थापामगर | गाउँसभा सदस्य | |
| २० | सविन पहरी | गाउँसभा सदस्य | |
| २१ | ज्ञानी खड्का | गाउँसभा सदस्य | |
| २२ | मसली सार्की | गाउँसभा सदस्य | मसली |
| २३ | राजु खड्का | गाउँसभा सदस्य | |
| २४ | कवाङ लामा | गाउँसभा सदस्य | |
| २५ | विष्णुमाया तामाङ | गाउँसभा सदस्य | |
| २६ | लिला कुमारी सिलवाल | गाउँसभा सदस्य | |
| २७ | विवेक योञ्जन | गाउँसभा सदस्य | |
| २८ | पासाङ लामा | गाउँसभा सदस्य | पासाङ |
| २९ | माया लामा | गाउँसभा सदस्य | |
| ३० | सिता सुन्दास | गाउँसभा सदस्य | |
| ३१ | श्याम सुन्दर पाख्रिन | गाउँसभा सदस्य | |
| ३२ | रविन्द्र भण्डारी | गाउँसभा सदस्य | |
| ३३ | राजेन्द्र घतानी | गाउँसभा सदस्य | |
| ३४ | गृवेन्द्र माझी | गाउँसभा सदस्य | |
| ३५ | रिना माझी | गाउँसभा सदस्य | |
| ३६ | मञ्जु वि.क | गाउँसभा सदस्य | |
| ३७ | ठूलोकान्छा सार्की | गाउँसभा सदस्य | |
| ३८ | राजेस तिमल्सिना | गाउँसभा सदस्य | |
| ३९ | हरेन्द्र चौधरी | सचिव | |

२०८२ पुष ०६ गते बसेको गाउँसभाको सातौं अधिवेशनका कार्यसूचि तथा निर्णयहरु

**कार्यसूचिहरु:**

१. आ.व २०८२/८३ को लागि गाउँपालिकाका उपाध्यक्ष एवमं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट प्रस्तुत विनयोजन ऐन, २०८२ माथि संशोधन विधेयक, २०८२ पारित गर्ने सम्बन्धमा ।

२. सुनकोशी गाउँपालिका संस्थागत विकास तथा सुशासन समिति संयोजक श्री कुमार शाहीबाट प्रस्तुत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ पारित गर्ने सम्बन्धमा ।

३. गाउँ कार्यपालिका निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**छलफल तथा निर्णयहरु:**

**निर्णय नं १**

गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कान्छी लामाबाट विनियोजन ऐन, २०८२ माथी संशोधन विधेयक, २०८२ प्रस्तुत भयो । उक्त विधयेकमाथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले विधेयकको पक्षमा सदस्यहरुको मत जाहेर भएको हुँदा विनियोजन ऐन, २०८२ माथि संशोधन विधेयक, २०८२ पारित भएको निर्णय गरियो ।

**निर्णय नं २**

सुनकोशी गाउँपालिका संस्थागत विकास तथा सुशासन समिति संयोजक श्री कुमार शाहीबाट प्रस्तुत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ प्रस्तुत भयो । उक्त विधयेक माथि व्यापक छलफल पश्चात बैठकको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा ध्वनी मतले विधेयकको पक्षमा सदस्यहरुको मत जाहेर भएको हुँदा आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ पारित भएको निर्णय गरियो ।

**निर्णय नं ३**

आर्थिक बर्ष २०८२/०८३ मा गाउँ कार्यपालिकाको ५ वटा बैठकहरु बसी बैठक अवधिमा गाउँपालिकाले गरेको आय व्यय, संघ तथा प्रदेश लगायत अनर्गतका विभिन्न निकायसँग समपुरक योजना माग, योजना/कार्यक्रमहरुको रकमान्तर, आर्थिक सहायता प्रदान, रकम भुक्तानी, कार्यविधि पारित तथा संशोधन, शिक्षक सरुवा तथा कामकाज, कर्मचारी सेवा सुविधा, नियुक्ति तथा पदस्थापन लगायत गाउँ कार्यपालिका बैठकले विभिन्न मितिमा ४८ वटा निर्णय गरेकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ विविध सम्बन्धमा छलफल गर्दा

यस सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडाहरू, स्वास्थ्य संस्थाहरू र विभिन्न शाखाहरूमा स्वीकृत दरबन्दी र सङ्घीय तथा प्रदेश सशर्त कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत प्राविधिक तथा प्रशासनिक क्षेत्रका कर्मचारीहरूको करार सम्झौताको म्याद आगामी मिति २०८२/०९/२९ मा समाप्त हुन गइरहेको हुँदा गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट, कार्यक्रम र आवश्यकताका आधारमा कार्यसम्पादन मूल्यांकन सन्तोषजनक रहेका करार कर्मचारीहरूको कार्यसम्पादनको आधारमा म्याद थप गर्ने सम्बन्धमा आवश्यक निर्णय, प्रक्रिया र कानुनी मापदण्ड पूरा गरी करार म्याद थप गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने सर्वसम्मत रूपमा निर्णय गरियो ।